# ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि

शङ्करमान राजवंशी

वि. सं. २०२३ मार्ग २६ गते पुरातत्त्वविभाग-बाट पश्चिम १ नंबर नुवाकोटको ऐतिहासिक निरीक्षणका निमित्त एक दल खटिएको थियो। त्यसमा म पनि संमिलित थिएं। यसभन्दा अघि २०१९ साल आषाढमा पनि त्यस ठाउँको ऐतिहासिक निरीक्षणका निमित्त एक दल खटिएको थियो। त्यसमा पनि म खटिएको थिएँ। त्यस बखत वर्षा याम हुनाले पहाडमा बाटोको कठिनाइले गर्दा देवीघाटसम्म मात्र निरीक्षण गरिएको थियो। त्यस बखत उपलब्धि भएका ऐतिहासिक सामान शिलालेख तामापत्रहरू थिए। ती सामान पुरातत्वपत्रसंग्रह तेस्रो भागमा प्रकाशित गरिएका छन्। २०२३ सालमा गरिएको ऐतिहासिक निरीक्षणमा धैंबुङ, महामण्डल, कालिका, मालिका, देवीघाट, फिर्केप, त्रिशूली, वेत्रावती, वनदेवी आदि ठाउँमा निरीक्षण गरियो।

धैंबुङ डाँडामाथि देवीको स्थान छ। त्यहाँ भोग लाग्दो रहेछ। त्यो ठाउँ किल्ला जस्तो किसिमको छ। त्यहाँ अभिलेख पाइएन। यो निकै अग्लोमा पर्छ। त्यसभन्दा नुवाकोट धेरै तल पर्ने हुनाले त्यहाँ-बाट नुवाकोट आक्रमण गर्न धेरै सजिलो पर्छ। त्यसैले नेपाल चीनको लदाईमा सन्धि गर्ने कुरा चल्दा चीनले धैंबुङसम्म आउन देऊ त्यहीं बसी सन्धि गरौंला भनेको हुनुपर्छ। वेत्रावती लहरे पौवातिर दुइ चार ओटा शाहकालका शिलालेख भेट्टिए। महामण्डलमा पनि देवीको स्थान छ। त्यहाँ पनि भोग लाग्दो रहेछ। त्यसको अलि तल मौलो छ। यो ठाउँ नुवाकोटको शिरैमा पर्दछ। त्यहाँबाट नुवाकोट आक्रमण गर्न निकै सजिलो पर्ने हुनाले पृथ्वीनारायणले पहिले महा-मण्डल चढी नुवाकोट आक्रमण गरेका हुन्। यहाँ शिलालेख छैन। विशेष गरी नुवाकोटमै बढीमात्रामा ऐतिहासिक सामानहरू छन्। देवीघाटको पारीपट्टि फिर्केपमा अलिकता शाहकालका शिलालेख छन्। यस पटकको निरीक्षणमा विशेष गरी मल्ल राजा जयप्रकाश तथा रणजित् मल्लका लालमोहर कागतपत्र र श्री पृथ्वी-नारायणशाहदेखि श्री ५ रणबहादुर शाहसम्मका लालमोहरहरू प्राप्त भएका छन्। मल्ल राजाले गरिदिएका लालमोहर कागतमा पनि रातो ठूलो यन्त्रा-कारको छाप लागेको छ।

त्यस यात्राबाट फर्केर आएपछि लगत्तै माघ महीनामा पूर्व इलाम तथा भद्रपुरमा ऐतिहासिक सामानको अनुसन्धानका निमित्त फेरि पुरातत्वविभाग-बाट एक दल खटिएको थियो। त्यसमा पनि म खटि-एको थिएँ। त्यहाँबाट पनि किपटजग्गासंबन्धी गरिदिएको श्री ५ पृथ्वीनारायण शाहका लालमोहर तथा त्यसभन्दा पछिका सनदसबालका कागतपत्रहरू निकै भेट्टिएका छन्। नुवाकोटका र पूर्वका ती सामानहरूमा छानबीन गरी केही ताडपत्र पनि मिलाई पुरातत्वपत्रसंग्रह चौथो भाग सम्पादन गरिएको छ। सो प्रकाशनका निमित्त प्रेशमा जाने भएको छ। त्यसै मध्येबाट जयप्रकाशका र पृथ्वीनारायण शाहका अलिकता लालमोहर र त्यसको संक्षिप्त व्याख्या यहाँ दिइन्छ।

# गोसाईंहरूलाई गरिदिएका जय-प्रकाश मल्लका लालमोहर

## श्री ३ पशुपति जयति

स्वस्तिश्रीमत्पशुपतीत्यादि माहाराजाधिराज श्रीश्रीश्री मज्जयजयप्रकाश मल्लदेव परम भट्टारक देवानाम् सदा समर विजइनाम्—इत श्री कमलवन गुसायि श्रोरषमंपुरि गुसायिके नमो नारायन इहा कुशल ताहा कुसल चाहि उप्रान्त हाम्रा पास जो रुपैया हैं एजो फिकिर करना नहि चाहिए उप्रान्त हंने कुछु वस्तु रष्के पैसा रेनेको किएथे उस रोज रेवावं आएथे उस रोजमे चिज भेजदेने रगेथे रेवावं गुसायिने जदाव्का चिजचे जोषि-हि रषना सकयका हो नहितो उस रोजमे वस्तुक भेजदेथे आगे दोइ चार हजार कर दिआ अब हमारा काम नगि आइरहा तिससो दो हजारका काम करदेना चाहिए एतनामो हमारा काम आवका हय जिस् रोजमे हमारा काम होगा तिसो हमारा काम होयके दिनमे जतना हमारा पास आइ-रहा सा पेसाका दुगुना माहादेवका सेवा काएगे अउर षात जो चाहय सो कवसि कहगे श्रावन वदि ७ रोज ४ मुकाम ललितपट्टन शुभं

## श्री ३ पशुपति जयति

स्वस्ति श्रीमत्यशुपतित्यादि माहाराजाधिराज श्री-श्रीमज्जयजयप्रकाश मल्ल परम भट्टारक देवानाम् सदा समल विजइनाम्-इत महंत कमरवन गुसाइ रषंपुरि महंतके नमो नारायन इहा कुसल ताहा कुसल चाहि. आहाक समाचाल निको हए उप्रान्त महंत हमपर दया होइतो होइ आहा आवना चाहे नाहितो एक आवना चाहे उप्रान्त छहजार महिन्द्रमल्लिमे हमारा काम अतका हए आगे हमारा काम वहुत कल दिया अभि मेरा काम यवना करदेना चाहय विस विस हजारका चिज० लर्के छहजार देना परा यतना काम तुमारा करदीय सो हमाला काम सव वताहय आज क्या कहएगु हमारा दिरमे हय वहुत क्या कहदे मुहजवानि कौसिका सहि मिति ज्येष्ठ वदि १५ रोज २ मुकाम ललित पट्टन सुभम्

## श्री ३ पशुपतिर्जयति

### नारायण

स्वस्तिश्रीमत्पशुपति चरणकमलेत्यादि श्रीमन्महाराजा-धिराज श्रीश्री जय जय प्रकाशमल्लदेवानां सदा समर विजयिनाम् श्री भगवतिवन गोशाइको नमो...... वाचना आगे इहा हमारे कुशल आनन्द है उहा आपका कुशल आनन्द हमेशा चाहि तो वहुत षातिर्जमा है आगे हकिगत सव भली है आपका पाश गुदरवानाको भेजा है जो गुदरवाना कहै सो आपने प्रमान मानना कहा जो करना तुमारे चार भाई वंधु है और वन पंथ सो लेरआ-उना वावा गुदर कहै सो जिनीश समेत आउना आपके सो कमलवन गोशाइका चेले हौ सो मेरा अतीत हौ कौनै वातमो अविश्वास नमानना वहुत क्या लेषए आप सज्ञान हौ मु. कांतिपुर

## श्री ३ पशुपतिर्जयति

स्वस्तिश्रीमत्पशुपति चरणकमल धूलि धूसरित-शिरोरुह श्रीमन्मानेश्वरीष्टदेवता वरलब्धप्रसाददेदीप्यमा-नमानोन्नत रविकुल तिलक हनूमध्वज नेपालेश्वर सकल-राजचक्राधीश्वर श्रीमन्महाराजाधिराज श्रीश्रीजयजय-प्रकाशमल्ल परम भट्टारकदेवानां सदा समरविजयिनाम्

दुर्व्वासावन लछमनवन जागेश्वरवन भोरवन नओल-वन् चतुरवन इन्ह सवको व्यवस्था करालपत्र करदिया ऐतना भाइ तुम लोक भगवतीवनका आग्यापर चलना उनकी आग्यापर रहना मीलकऐ रहना कोई फुटना कोई दावा झगर्मतिकर्ना जो फुटए जो भाई इस्कोता ऐन मानऐ सो मेरि गुणहगार्र चार डेहि दो मथ भगवती-वनका हवाले करदिया सोहि सव भाईने मानना नेपाल संवत् ८८४ मिति चैत्र वदि ११ रोज ५ मुकाम श्रीकांतिपुर शुभं—

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पश्चाङ्ग यस प्रकारको छ

ने.सं. ८८४ वि.सं. १८२१ चैत्र कृष्ण (पूर्णान्तमान बाट वैशाखकृष्ण)

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| वैशाख १८ | बृहस्पति | एकादशी | ४९।५० |

यी चार ओटा लालमोहर पश्चिम १ नम्बर नुवाकोटको धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएका हुन् ।

## व्याख्या

जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम राजा हुन् । यिनी कान्तिपुरको राजगद्दीमा बसेदेखिन् यिनको जीवन धेरै संघर्षमै बितेको थियो । बाबु जगज्जय मल्लको शेषपछि यिनी राजा हुंदा राजगद्दीका हकदार ह्वैनन् भनी भारदारहरूले निकै विद्रोह गरेका थिए । तर जयप्रकाश साहसी हुनाले ती भारदारहरूलाई दबाए । वि. सं. १८०३मा भक्तपुरले गोरखाको सहायता लिई कान्तिपुरका साँखुचाँगु दक्खल गर्दा तिनलाई जयप्रकाशले हटाउन सकेनन् । यस्तै मौकामा टौढिक काजीको नेतृत्वमा भारदारले जयप्रकाशलाई राज्यच्युत गरी उनका छोरा ज्योतिप्रकाशलाई राजगद्दीमा राखे । ठौढिक काजीले ती भक्तपुरेलाई धपाइदिए । जयप्रकाश भागी भागी हिड्नुपऱ्यो । केही वर्षपछि विद्रोहीलाई दबाई जयप्रकाश फेरि राजगद्दीमा बसे ।

यसरी भित्रको संघर्षबाट फुर्सत पाएपछि बाहिरका शत्रुसंग लड्ने बन्दोबस्तमा लागे । यिनले कीर्तिपुरमा गोरखालीलाई दुइ पटक हराएका थिए । ललितपुरमा विश्वजित् मल्लको हत्या भएपछि वि.सं. १८१७ मा ललितपुरका काजीहरूले जयप्रकाशलाई ललितपुरको राजा बनाए। ललितपुरे काजीहरू जयप्रकाशलाई आफ्नो मुट्ठीमा राख्न चाहन्थे । तर जयप्रकाश दब्न चाँहदैनथे । यसैमा गडबड भई ललितपुरे काजीहरूले जयप्रकाशलाई ललितपुरबाट निकालिदिएर वि.सं. १८१९ मा भक्तपुरका राजा रणजित् मल्ललाई राजा बनाए।

उता गोरखाली घेरा दिई नाकाबन्दी गर्न लागेका थिए । यता सुधा राजा रणजित् मल्लबाट आफ्नो काम नबनेकोले ललितपुरे काजीहरू हार मानी फेरि जयप्रकाशलाईनै राजा माने । जयप्रकाशले पनि पहिलेको ईख फेर्ने मौका भेट्टाई ती काजीहरूलाई झुक्क्याई कैद गरी जयप्रकाश ललितपुरको सर्वेसर्वा बने । तर यस कामले ललितपुरेहरू कान्तिपुरेका शत्रु भए । आखिर जयप्रकाशले फेरि ललितपुर छोड्न कर लाग्यो ।

यसरी जयप्रकाश ललितपुरमा केही काल राजा भएका थिए । जयप्रकाशले कमलवन गोसाईंलाई गरिदिएका माथिका पहिलो र दोस्रो लालमोहरमा मुकाम ललितपट्टन लेखिएको छ । त्यसकारण जयप्रकाशले ललितपुरमा बसेको वेलामा ती लालमोहर गरिदिएका हुन् भन्ने कुरो स्पष्ट छ । कमलवन गोसाई लक्ष्मणपुरी गोसाईं, भगवतीवन गोसाईं जयप्रकाशका मित्र थिए । जयप्रकाशलाई तिनीहरूले मद्दत गर्दथे । ती कमलवन गोसाईंहरू महन्त हुन् । महन्तहरूको मठको गुठीजग्गाबाट धेरै आयस्ता हुन्थ्यो । पहिलो र दोस्रो लालमोहरमा जयप्रकाशले कमलवन गोसाईंहरूसंग मद्दत मागेको कुरो उल्लेख छ । तेस्रो लालमोहरमा आश्वासन दिएको र चोथो लालमोरमा तिनीहरूका लागि व्यवस्था गरिएको कुरो उल्लेख छ । तेस्रो र चौथो लालमोहरमा मुकाम कान्तिपुर लेखिएको छ । त्यस कारण जयप्रकाशले ती दुई लालमोहर चाहिं कान्तिपुरबाट गरिदिएका हुन् भन्ने स्पष्ट छ ।

## गोसाईंहरूलाई गरिदिएका श्री ५ पृथ्वीनारायण शाहका लालमोहर

### श्री दुर्गा

स्वस्ति श्री गिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री पृथ्वीनारायनसाहदेवानां सदा समरविजयीनां

आगे कंवलवन गोसाञिको माल कुतिको वाटो गरी नेपाल आउँदा चँवर घोरा हरिताल सुना ल्याउंदा माफ भयो कसैले टोक टाक नगर्नु छाडिदिनु इति संवत् १८०६ फाल्गुण वदि ५ रोज ५ मुकाम नुवाकोट शुभं

यसमा दिइएको तिथिमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८०६ फाल्गुन कृष्ण

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| फाल्गुन १९ | बृहस्पति | पञ्चमी | ३७।१० |

## श्री दुर्गा

स्तस्तिश्रीगिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साहदेवानां सदा समर विजयीनाम्

स्वस्ति श्री सर्वोपमा योग्य सर्व भारा सामर्थ श्रीकमलवन श्रीलक्ष्योमनपुरि श्री दयालपुरि गोसाञिको नमो नारायन पूर्वक पत्रमिदं इहा कुशल ताहा कुशल चाहिये येहिते परमानंद होइ पत्र आइल अर्थ पावल आगे इहाँको समाचार निको छ उप्रांत तिम्रा हाम्रा लेषाको अर्थ भरि फागुन भरि पुऱ्याउला उप्रांत तिम्रा घोराको जगात छपाउनिको माफ गरि दिइउँ विज्ञेषु किमधिकं मुहु जवानि कटवालाको सहि पौष वदि ५ रोज ६ मुकाम नुवाकोट शुभ

## श्री दुर्गा

स्वस्ति श्री गिरिराजचक्र चूडामनि नरनारायनेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साहदेवानां सदा समरविजयीनां

स्वस्तिश्री महांत कमलवन गोसाञि लक्ष्योमनपुरि गोसाञि दयालपुरि गोसाञिके नमोनारायन पूर्वक पत्रमिदं इहा कुशल ताहां कुशल चाहिये येहिते परमानंद होइ पत्र आये अर्थ पाये इहाका समाचार निके है उप्रांत जो लिषि पठाये सो भला भोटसें वाज आये पिछे वात वनि रहैगा विज्ञेषु किमधिकं मुहुजवानि पतुवालाके सहि आश्विन शुदि ११ रोज ७ मुकाम नुवाकोट शुभं

## श्री दुर्गा

स्वस्तिश्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री मन्नृप पृथ्वीनारायण साहदेवानां सदा समर विजयिनाम् – स्वस्ति श्रीसर्वोपमायोग्य मर्यादा महोदधि सकल गुण गरिष्ठ श्रीमहांत कमलवन तथा श्रीमहांत लक्षिमनपुरि तथा श्रीमहांत दयालपुरिकेषु लि. इत. नमोनारायणपूर्वकपत्रमिदं इहा कुशल तुह्मारि कुशल छमेते परमानंद होइ आगे इहाके हकिगत भले हैं उप्रान्त पत्र आये अर्थ मालुम हुये गोसाइका लेषा आइपौचनेको था इस वास्ते विलंवि हुये राहा वंद हुवा हमारे आदमि आवने जानेको भिसका नहि भिर भारभि वहुत परा इस वासते गोसाइसें वहुत अधित हुवा गोसा माफ चाहिये जाहाँ आजतक रहां तहा दो मैन्हा सुस्त षातिर्जमासें रहनेको चाहिये फागुनके रोजमै गोसाइका पैसाऱ्ये उजोर आइपौचैगा दो मैन्हाको छमा चाहिये इति मार्गशुदि ९ रोज ५ मुकाम नुवाकोट माडि शुभम्

**पत्र चिन्ह विना ३ बस्तुरि पौचैगा**

## श्री दुर्गा

## नमो नारायण

स्वस्ति श्रीगिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारारायण साहदेवानां सदा समरविजयिनाम्

स्वस्ति श्रीपरमहंसेत्यादि श्री भगवतिवन गोसाइकेषु ........पूर्वकपत्रमिदं इहा कुशल तुह्मारा कुशल चाहते है पत्र आया अर्थ मालूम हुवा आगे इहांका हकिगत

भला है उपरांत तुमने नयाकोट आवनेका बात लिषि भेजा सो आजतो चौमासा भया जिस रोज काम परि आवैगा तिस रोज वोलाह भेजेंगे तुम हमारे अति हौ ए घर तुह्मारा हय विज्ञेषु किमधिकम् आषाढ वदि १४ रोज ४ मुकाम नुवाकोट राजधानि शुभम्

**आंबका वोझ २ के मोहर भया है** लेजाइ आफ्नो आचार भेजा सो पौंचा ।

## श्री दुर्गा

## श्री गोरषनाथ श्री भैरवी

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायण साहदेवानां सदा समरविजयिनाम्

आगे दुर्वासावन भगवतीवन लक्ष्मणवन जागेश्वर वन इ चार संन्यासिकन धर्मपत्र लिषिवक्स्यौं संन्यासिहरूले भोट नेपाल जांदा आंउदा हाम्रा भन्सारमहां देषाइ छाप मारि लिस्तिको वाटो गरि जगातिहरूक्षौ माल नगद ज्या लग्यो सो देषाइ दस्तुर तिरि ल्याउनु लैंजानु गर्दा महा पस्यैमहा हाम्रा टक्सार चलाउनामहा पसनु गोसाइहरूले तति गर्दा गर्दै माल लुटि षाना महा पसौत...को कुद्रिष्टि लुटि षानामहां नपसौंत···को सुदृष्टि इति सम्वत् १८२५ आषाढवदि ३ रोज ७ शुभम्

यसमा दिइएको तिथिमितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८२५ आषाढ कृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | २२ | शनि | तृतीया | ५७।२० |

यी ६ ओटा लालमोहरहरू पश्चिम १ नम्बर नुवाकोटका धामी श्रीहरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएका हुन् ।

## व्याख्या:

श्री ५ पृथ्वीनारायण शाह वि. सं, १७९९मा नरभूपालको शेषपछि २० वर्षको उमेरमा गोरखाको राजगद्दीमा बसेका थिए। वि. सं. १७९२ मा नरभूपाल शाहले कान्तिपुरको इलाकामा पर्ने प १ नं. नुवाकोट दक्खल गरेका थिए। तर सफल भएनन् । यो कुरो पृथ्वीनारायण शाहको मनमा गडेको थियो । पृथ्वीनारायणले राजगद्दीमा बसेपछि फेरि नुवाकोट आक्रमण गर्ने विचार गरे । तर पश्चिमपट्टि बाईसी चौबीसी राज्य थिए। आफू पूर्वतिर लाग्दा पछिल्तिरबाट अर्कोले आफ्नो राज्य कब्जा गर्ला भन्ने डर थियो । त्यसैले पृथ्वीनारायणले पहिले लमजुङसंग सन्धि गरे, त्यसपछि पृथ्वीनारायण शाहले वि. सं. १८०१ मा नुवाकोट दक्खल गरे। नुवाकोट कान्तिपुरको भोटसंग व्यापार गर्ने केन्द्र थियो । यसरी गोरखाले नुवाकोट लिएपछि कान्तिपुरको भोटसंगको व्यापार हानियो । उता भक्तपुरेले नालदुम कब्जा गरेकोले पूर्वतिरको बाटो पनि रोकियो । जयप्रकाशले नुवाकोटबाट गोरखालीलाई हटाउन काशीराम थापाको नेतृत्वमा सैन्य पठाए तर सफल भएन। वि. सं. १८१४ मा जयप्रकाशले पृथ्वीनारायणसंग सन्धि गरे । त्यस सन्धिमा दुबै राज्यले चोखो टक चलाउने, भोटमा मालसामान पठाउंदा दुवैले बराबर पठाउने, नालदुम कान्तिपुरलाई दिलाउने, पाटन गोरखालाई दिलाउने, भोटमा दुबैको दूत राख्ने कुरा थियो । तर सो सन्धि धेरै काल अडेन ।

जयप्रकाश रिसाहा प्रकृतिका थिए । उनी वीर लडाका साहसी भए तापनि रिसको झोकमा आँखा देख्दैनथे । नुवाकोटबाट गोरखालाई धपाउना निमित्त पठाएको काशीराम थापा हारेर फर्केकोले गोरखासंग मिल्यो भन्ने शंका गरी रिसको झोकमा जयप्रकाशले काशीराम थापालाई मारेका थिए। यशरी जयप्रकाशले आफ्नो सेनापतिलाई मार्नु जयप्रकाशको ठूलो भूल थियो। यस्तै रिसको दुर्गुणले गर्दा जयप्रकाशले आफ्ना धेरै भारदारलाई चिढाएका थिए । पृथ्वीनारायण

शाहले पनि यस्तै मौका पाई जयप्रकाशका मानिसलाई विस्तार विस्तार हात लिन थाले ।

पृथ्वीनारायण शाहले जयप्रकाशका मित्र कमलवन गोसाईंलाई हात लिने विचारले वि. सं १८०६ फाल्गुन १९ गते लालमोहर गरिदिएका थिए। सो माथिको पहिलो लालमोहर हो । त्यसमा कमवन गोसाईंले कुतीको बाटो मालताल ल्याउँदा रोक टोक नगर्नू भनी लेखिएको छ । दोस्रो लालमोहरमा घोडाको जगात माफी गरीदिएको कुरा छ। तेस्रो लालमोहरमा माल झिकाउने विषयमा लेखापढी गरेको कुरा छ । कमलवन गोसाईंले जयप्रकाशसंग पनि संबन्ध राखि- छोडेकै थिए । त्यसकारण कमलवन गोसाईंले पृथ्वीनारायणलाई बोलाइपठाउंदा अहिले बाटो बन्द हुनाले हाम्रा मानिसलाई आवत जावत गर्न असुविधा छ दुइ महीना पर्ख भनी पृथ्वीनारायणले लेखिपठाएका थिए । सो कुरा चौथो पत्रबाट स्पष्ट छ ।

भगवतीवन गोसाईं पनि जयप्रकाशका मानिस हुन् । यी भगवतीवन गोसाईं कमलवन गोसाईंका चेला हुन् । भगवतीबन गोलाईंले भेट्न नुबाकोटमा आऊँ कि भनी पृथ्वीनारायणलाई लेखेका थिए । त्यस विषयमा अहिले चौमास छ जहिले काम परिआउला उहिले बोलाइपठाउंला यो घर तिम्रै त हो नि भनी पृथ्वीनारायणले मिजासिलो ढङ्गले जवाफ दिएका थिए । यो कुरो पाँचौं पत्रबाट स्पष्ट छ । कारण भगवतीवनले वि. सं. १८२१ सम्म पनि जयप्रकाशसंग संबन्ध गरिरहेकै थिए । पृथ्वीनारायणले तिनलाई सर्वात्मना विश्वास गरिसकेका थिएनन् । पछि पृथ्वीनारायणले वि. सं. १८२५ श्राषाढ २२ गते तिनीहरूलाई एउटा धर्मपत्र गरिदिए । सो पत्र छैटौं हो । सो धर्मपत्रमा संन्यासीहरूले भोट नेपाल जाँदा आँउँदा भन्सारमा देखाई छाप लगाई लिस्तीको बाटो जगाते छेउ माल ल्याई दस्तुर तिरी लैजानू, टक हाम्रो चलाउनू भन्ने उल्लेख छ ।

पृथ्वीनारायणले नुवाकोट विजय गरेपछि केही काल नुवाकोटमै राजधानी बनाएका थिए । सो कुरा पाँचौं पत्रमा स्पष्टै उल्लेख छ । दोस्रो तेस्रो चौथो पाचौं पत्रमा संवत्को उल्लेख छैन । केवल तिथि- मितिको मात्र उल्लेख छ । गणनाबाट संवत् पत्ता लगाउन सकिन्छ । तर समय धेरै लाग्ने हुनाले अहिले गणना गरिएन । ती संवत्को निर्णय पछि गरिनेछ । यी ४ ओटा लालमोहर हिन्दी भाषामा छ । पृथ्वीनारायणले गरिदिएका लालमोहरहरू प्रायः नेपाली भाषामा पाइन्छन् । अहिले यी ४ ओटा पाइएकाले नमूनास्वरूप बनेका छन् ।

## टिप्पणी:

जयप्रकाशले गरिदिएका माथिका पत्रहरूमा पहिलो र दोस्रो पत्र तथा पृथ्वीनारायण शाहले गरिदिएका माथिका पत्रहरूमा तेस्रो पत्र ऐ. शि. श्री बाबुराम आचार्यज्यूले उहाँको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भन्ने पुस्तकको दोस्रो भागमा छपाउनुभएको छ । नुवाकोटबाट ल्याइएका ऐतिहासिक सामानहरू पुरात्वविभाग- मार्फत उहाँले एक एक प्रति सारेर लिनुभएको थियो ।

—❀—